# नेपाल स्टक एक्सचेन्ज लिमिटेड

## सिंहदरबार प्लाजा, काठमाण्डौं ।

### मिति २०६६/८/१२ गते शुक्रवार देखि २०६६/८/१८ गते विहिवार सम्मको कारोबार

यस साता नेपाल स्टक एक्सचेन्जमा ८२ कम्पनीहरुको कारोबार भएको छ, जस अनुसार २९६९ कारोबारबाट १४ करोड ७७ लाख ७५ हजार रुपैयाँ बराबरका २ लाख ६६ हजार ६ सय कित्ता शेयरहरु खरीद विक्री भएका छन । गत साता ४९१० शेयर कारोबारबाट २७ करोड ६८ लाख ४७ हजार रुपैयाँ बराबरका ५ लाख ६२ हजार कित्ता शेयरहरु खरीद विक्री भएका थिए ।

कूल कारोबार मध्ये 'क' वर्गका कम्पनीहरुको मात्र ७ करोड ६७ लाख रुपैयाँ बराबरको कारोबार भएको छ । यो कूल कारोबारको ५१.९५ प्रतिशत हो ।

साताको नेप्से परिसूचक पहिलो दिनको तुलनामा ११.४४ अंकले ह्रास भई अन्तिम दिन ५१७.४५ विन्दुमा पुगेको छ ।

यसैगरी समूहगत परिसूचकहरुको उतारचढाव यस प्रकार रहेको छ ।

तालिका : १ साताका सूचकाङ्कहरु

| समूह / दिन | वाणिज्य बैंक | उत्पादन मूलक | होटल | अन्य | जलविद्युत | व्यापार | बीमा | वित्त | विकास बैंक | नेप्से इन्डेक्स | सेन्सेटिभ इन्डेक्स | फ्लोट इन्डेक्स |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिलो | ४९५.९२ | ४३८.८२ | ३६९.७५ | ५९२.१६ | ७९७.२२ | २५६.०७ | ५७५.६० | ५६०.५५ | ५८०.६५ | ५२८.८९ | १३०.२७ | ५०.४४ |
| दोस्रो | ४८३.६५ | ४३८.८२ | ३६९.७५ | ५९३.३४ | ८०१.१९ | २५६.०७ | ५७५.३६ | ५५९.२० | ५७५.२४ | ५२१.७७ | १२७.८० | ४९.५७ |
| तेस्रो | ४७९.५४ | ४३८.८२ | ३६९.७५ | ५८७.४६ | ७९१.५८ | २५६.०७ | ५७३.३६ | ५५५.२६ | ५७०.७७ | ५१७.४५ | १२६.९२ | ४९.२३ |
| परिवर्तन | -१६.३८ | ०.०० | ०.०० | -४.७० | -५.६४ | ०.०० | -२.२४ | -५.२९ | -९.८८ | -११.४४ | -३.३५ | -१.२१ |

'क' वर्गका कम्पनीहरुको कारोबार मापन गर्ने सेन्सेटिभ इन्डेक्स पहिलो दिनको तुलनामा ३.३५ अंकले ह्रास भई १२६.९२ अंकमा आईपुगेको छ ।

यस साता कारोबार रकम (२ करोड ४७ लाख रुपैयाँ) तथा शेयर संख्या (२१ हजार कित्ता) को आधारमा बैंक अफ काठमाण्डू र कारोबार संख्या (४७० वटा) को आधारमा प्राइम कमर्सियल बैंक अग्रस्थानमा रहेको  छ ।

तालिका : २, कारोबार रकमका आधारमा साताका उत्कृष्ठ ५ कम्पनीहरु :

| क्रम संख्या | कम्पनीको नाम | कारोबार रकम (रु. दशलाखमा) |
|---|---|---|
| १ | बैंक अफ काठमाण्डू | २४.७४ |
| २ | प्राइम कमर्सिल बैंक | ११.७९ |
| ३ | स्ट्याण्डर्ड चार्टर्ड बैंक | ७.८५ |
| ४ | भिवोर विकास बैंक | ६.७२ |
| ५ | एभरेष्ट बैंक | ६.६७ |

यस साता नेपाल स्टक एक्सचेन्जको कारोबार कक्ष नियमित कारोबारका लागि ३ दिन खुला रह्यो । यस साता पनि ऋणपत्र तर्फ संस्थागत तथा सरकारी ऋणपत्रहरुको कुनै पनि कारोबार भएन ।